कालिञ्चोक गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कालिका पाठकले आठौँ गाउँसभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य

आदरणीय अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी ३ तहको हुने तथा राज्यशक्तिको प्रयोग तिन तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा स्थानीयस्तरको विकासको आवधिक, वार्षिक रणनीतिक र विषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालीन योजना वनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था छ।

अब म यस गाउँपालिकाको उपलब्ध श्रोतलाई निम्न आधारमा सन्तुलित एवं समन्यायीक सिद्धान्तको आधारमा योजना बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएका विधि पद्धति तथा आधारहरुको चर्चा गर्न चाहन्छु।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- केन्द्र सरकारको लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम
- वागमती प्रदेश सरकारको लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम
- गाउँपालिकाको आवधिक योजना
- राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका निर्णयहरु
- वडाको जनसंख्या तथा भौगोलिक अवस्था र वनोट
- वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिवीको अवस्था
- जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने कार्यक्रम
- स्थानीय श्रोत साधन र सहभागीतामा संचालन हुने
- महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, भाषा, जातिलाई लाभ पुग्ने
- स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु
- दिगो विकासका लक्ष्य
- पन्ध्रौ आवधिक योजना।

विकासका समसामयिक मुहानहरु जस्तै जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैंगिक सशक्तिकरण, समावेशी विकास बाल मैत्री स्थानीय शासन, पूर्ण सरसफाई तथा वातावरण मैत्री स्थानीय शासनहरुलाई लिइएको छ।

**चालु आ.व. २०७७/७८ को हाल सम्मको उपलब्धी**

यस गाउँपालिकाको छैटौ गाउँ सभा २०७७/७८ का लागि रु. ६७ करोड ३१ लाख ३७ हजार आठ सय सात वार्षिक बजेट स्वीकृत गरिएकोमा चालु तर्फ ३९ करोड ९७ लाख ५४ हजार र पुँजिगत तर्फ २९ करोड ५ लाख ५३ हजार विनियोजन गरिएको थियो। जसमध्ये हालसम्म कूल खर्च वेहोर्ने स्रोतहरु मध्ये २०७८ असार ९ गते सम्म निम्न अनुसारको आम्दानी प्राप्त भएको छ।

- संघिय समानिकरण अनुदान - १३ करोड ५ लाख
- प्रदेश समानिकरण अनुदान - ७५ लाख ३ हजार
- संघिय शसर्त अनुदान - २२ करोड ८८ लाख १२ हजार एक सय असी
- प्रदेश शसर्त अनुदान- १ करोड ८५ लाख ८१ हजार २५०
- संघिय राजश्व बाँडफाँड - पाँच करोड २२ लाख ७७ हजार ६ सय ३८
- प्रदेश सवारी कर - १ करोड २७ लाख ३४ हजार ११
- गाउँपालिका आम्दानी - ६५ लाख २८ हजार ७५
- गत आ.व. बाट जिम्मेवारी सरी आएको - ९ करोड ८५ लाख ३९ हजार ४ सय ४३
- प्रधानमन्त्री रोजगार - १ करोड १५ लाख
- विशेष अनुदान - १७ लाख ५० हजार
- समपुरक अनुदान - १ करोड ४९ लाख ७८ हजार

माथिका आम्दानीहरु मध्ये हाल सम्म चालुतर्फ २९ करोड ५ लाख ५३ हजार र पुँजिगततर्फ १३ करोड ९२ लाख ७५ हजार खर्च भएको छ। यस आ.व.मा हालसम्म भएका मुख्य उपलब्धीहरु संक्षिप्तमा देहाय बमोजिम रहेको छ।

पूवाधार विकास तर्फ गाउँपालिका भित्र कच्ची सडक १६ कि.मि., कालो पत्रे ३ कि.मि. र सडक सोलिङ ७ कि.मि. सम्पन्न भइसकेका छन्। खानेपानी तर्फ ६०३ वटा धारा निर्माण ४३ वटा ट्याङ्की निर्माण भएका छन् भने ६ वटा वडा कार्यालय भवन, ६ वटा स्वास्थ्य संस्था भवन र १५ वटा सामुदायिक भवन निर्माण सम्पन्न भई सकेका छन्।

आर्थिक विकास तर्फ कृषि,पशुपालन र पोषण समूह दर्ता ९७ वटा दर्ता भएका छन् भने २ वटा पकेट क्षेत्र (किवी र कागती ) निर्माण भएका छन्। १ वटा बाख्रा पालन पकेट क्षेत्र घोषणा भइ कार्यक्रम सम्पन्न भएको छ। पशुपालन तर्फ ४५ वटा चौरी, बाख्रा ६०० वटा, बङ्गुर ५० वटा, कुखुरा २५०० र गाई भैसी ४० वटा खरिद भई वितरण गरिइएको छ।

सामाजिक विकास तर्फ गाउँपालिका भित्रका विद्यालयहरुमा शौचालय, ICT, e- Library, विज्ञान प्रयोगशाल निर्माण भई संचालनमा आएको छ। गाउँपालिका भित्रका न्यून दरबन्दी भएका विद्यालयमा शिक्षक दरबन्दी व्यवस्था गरी पठन पाठनलाई सहजता प्रदान गरिएको छ भने थामी मातृ भाषाको शिक्षक व्यवस्थापन गरी मातृ भाषामा पठन पाठन गरिएको छ। गाउँपालिकामा

सञ्चालन भएको एक मात्र प्राविधिक शिक्षालय लापिलाङमा पठन पाठन गर्ने विद्यार्थीहरुको लागि छात्रावृत्ति प्रदान गरिएको छ ।

त्यस्तै कालिञ्चोक गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा सेवा लिने ज्येठ मसान्तसम्म नागरिकको कूल संख्या २६९८९ जना, कोभिड महामारी नियन्त्रणको लागि पिसिआर परीक्षण ५१४ वटा, एन्टीजेन परीक्षण २५५ वटा गरिएकोमा कोभिड सङ्क्रमित १९४ भएकोमा २ जनाको मृत्यु र १८४ जना निको हुनुभएको छ। कोभिड १९ को सङ्क्रमणबाट बच्नको लागि ६३ वर्ष माथिका ज्येष्ठ नागरिकहरुमध्ये कोभिड १९ विरुद्धको खोप प्राप्त गर्नेको संख्या १६०७ जना रहेको छ। सुरक्षित मातृत्व तर्फ प्रसुती सेवा २०६ जना, गर्भवती जाँच पहिलो पटक ३०५ जना, गर्भवती जाँच चौथो पटक २२९ जना, नवशिशु मृत्यू १ जना छ भने वाल स्वास्थ्य अन्तरगत विसिजी खोप २९५ जना, डिपिटी तेश्रो २६३ जना, दादुरा/रुवेला (९-११ महिना) २१४ जना र दादुरा/रुवेला (१२-२३ महिना) १९२ जनाले खोप लिइसकेको स्थिति रहेको छ।

वन वातावरण तथा विपद तर्फ गाउँपालिका भित्रका पहिरो रोकथामको लागि आवश्यक ग्याबिन जाली खरिद गरी वितरण भई पहिरो रोकथाम गर्न आवश्यक सहयोग पुगेको छ।

संस्थागत विकास तर्फ कार्यालयमा फर्निचर तथा मेसिनरी औजारको व्यवस्था गरी कार्यालय संचालनलाई सहजता बनाइएको छ ।

अध्यक्षज्यू,

अब म आगामी आ.व. २०७८/७९ को वजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

आ.व. २०७८/७९ मा केन्द्र तथा प्रदेश सरकार एंव गाउँपालिकाको आन्तरिक श्रोतबाट कूल ६७,३२,४४,३२८आय हुने अनुमान गरेको छु। देहाय बमोजिम रहेको छ।

- संघीय सरकार समानिकरण अनुदान - १३ करोड ४९ लाख
- प्रदेश सरकार समानिकरण अनुदान - १ करोड १७ लाख
- संघिय सरकार शसर्त अनुदान - २६ करोड ८ लाख
- प्रदेश सरकार शसर्त अनुदान – २ करोड ३१ लाख ४८ हजार
- संघिय राजश्व बाँडफाँड - ७ करोड ५२ लाख २ हजार
- प्रदेश सवारी कर - १ करोड ५७ लाख ४१ हजार ३ सय २८
- गाउँपालिकाको आन्तरिक आम्दानी - १ करोड ७८ लाख
- प्रदेश समपुरक अनुदान - ३ करोड
- संघिय समपुरक अनुदान - ८३ लाख
- प्रदेश विशेष अनुदान - ६० लाख
- संघ संस्था मार्फत कार्यक्रम – ७ करोड

आगामी वर्षको लागि प्राप्त हुने विभिन्न क्षेत्रको अनुमानित आय र व्ययलाई अनुसुचिमा समावेश गरेको छु । जसको सारांशको रुपमा देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- चालुतर्फ रु ९ करोड ८२ लाख १० हजार विनियोजित गरेको छु ।
- पूर्वाधार विकास तर्फ कूल वजेटको ५५ प्रतिशत आर्थिक विकास तर्फ १५ प्रतिशत सामजिक विकास तर्फ २० प्रतिशत वातावरण तथा विपद व्यवस्थापन तर्फ ९ प्रतिशत र संस्थागत विकासतर्फ १ प्रतिशत वजेट विनियोजित गरेको छु ।
- चालु आ.व. मा संचालनमा रहेको स्नातक तह प्राविधिक छात्रावृत्तिको लागि रु ३ लाख विनियोजन गरेको छु ।
- लापिलाङ मा.वि. मा वाली विज्ञानमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भरिका नागरिकको निशुल्क स्वास्थ्य विमाको लागि रु ३ करोड विनियोजन गरेको छु ।
- सिंगटी अस्पतालबाट निशुल्क रुपमा दिदै आएको प्रयोगशाला परीक्षणको लागि रु १० लाख विनियोजन गरेको छु ।
- संघीय शसर्त अनुदानबाट दिइएको वजेट अपुग भएकोले गाउँपालिका भित्रका बाल कक्षा शिक्षकको लागि खाईपाई आएको तलबमा मासिक रुपमा ३ हजार वृद्धि गर्ने गरी विनियोजन गरेको छु ।
- गाउँपालिकाभित्र अस्थायी/करार कार्यालय सहायक र कार्यालय सहयोगी, विद्यालयका सहयोगी र विद्यालय सहायकलाई खाईपाई आएको तलब स्केलमा मासिक रु ३ हजार वृद्धि गरेको छु ।
- पशुमा लाग्ने रोगको पहिचान तथा उपचारको लागि निशुल्क औषधि वितरण गर्न रु ५ लाख विनियोजन गरेको छु ।
- विपन्न नागरिक औषधोपचार सहायताको लागि रकम रु १० लाख विनियोजन गरेको छु ।
- विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिका र प्रधानाध्यापक वीच, प्रधानाध्यापक र शिक्षक वीच आवधिक कार्य सम्पादन करार गर्ने आवश्यक प्रबन्ध गरेको छु ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वीच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुवीच कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाएको छ ।
- विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- गाउँपालिकाभित्रका युवाहरुमा खेलकूदको माध्यमवाट अनुशासन, गतिशिलता, शारीरिक र मानसिक विकास गर्न अन्तर पालिका, अन्तर वडा र खेलकूद सहभागिता र प्रतियोगिताको लागि रु २० लाख बजेट व्यवस्था गरेको छु ।
- युवा स्वरोजगार कार्यक्रमको लागि रु २७ लाख विनियोजन गरेको छु ।
- कोभिड-१९ का कारण पठनपाठनमा बाधा पुगेकोले सिकाइ केन्द्र मार्फत वालवालिकाको पठन पाठनको व्यवस्था मिलाउन उचित वजेटको व्यवस्था गरेको छु ।
- अपाङ्ग लक्षित कार्यक्रमको लागि रु ९ लाख र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमको लागि रु ७ लाख गरी कूल रकम रु १६ लाख विनियोजन गरेको छु ।
- यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न रु १५ लाख विनियोजन गरेको छु ।
- जनजातिको आयआर्जन, क्षमता विकास, शसक्तीकरणको लागि रु २७ लाख विनियोजन गरेको छु ।
- महिलाको आयआर्जन, नेतृत्व विकास, क्षमता विकास र शसक्तीकरणको लागि रु १८ लाख विनियोजन गरेको छु ।

- दलित उत्थान, क्षमता विकास, आयआर्जन तथा संस्कृति संरक्षणको लागि रु ९ लाख विनियोजन गरेको छु ।
- नमूना आयोजना अध्ययन अवलोकनको लागि रु १० लाख विनियोजन गरेको छु ।
- अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई आदिको लागि निशुल्क औषधी वितरण गर्न संघीय सरकारबाट बजेट अपर्याप्त भएकोले थप रु १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाका पुल हेरालुलाई वार्षिक पारिश्रामिक स्वरुप रु १ लाख ५० हजार विनियोजन गरेको छु ।
- जनतासँग अध्यक्ष कार्यक्रम संचालन गर्न रु २५ लाख र जनतासँग उपाध्यक्ष कार्यक्रम संचालन गर्न रु २० लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय क्षेत्र कुरीमा गेट निर्माणको लागि रु १० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका कक्षा १, २ र ३ का लागि अंग्रेजी पाठ्यपुस्तक निशुल्क वितरणको लागि रु ३५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको साझेदारीमा हुने कार्यक्रमको लागि रु ५० लाख बजेटको व्यवस्था गरेको छु ।

अन्त्यमा, गाउँ सभामा उपस्थित हुनुहुने गाउँसभाका सदस्यहरु, कर्मचारी, लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

कालिका पाठक

संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति

कालिञ्चोक गाउँपालिका दोलखा